# रौतहट जिल्लाको राजपुर परहदवा गाविस वडा नं–४ स्थित स्व. शेख ईद्रीससीको खलिहान घरमा ०६४ चैत २७ गते राती बम विस्फोटन भएको घटनाको सङ्क्षिप्त प्रतिवेदन

प्रतिवेदन सार्वजनिक मितिः ०६५ वैशाख २४ गते

प्रतिवेदक

अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक

**स्थलगत अध्ययनमा संलग्न टोलीहरू**

१. कृष्ण गौतम, इन्सेक मध्यमाञ्चल क्षेत्रीय संयोजक, काठमाडौं ।

२. विमल चन्द्र शर्मा इन्सेक केन्द्रीय कार्यालय, काठमाडौं ।

३. दीपेन्द्र झा, अध्यक्ष, आईडिएफ, काठमाडौं ।

४. यज्ञराज थापा, आईडिएफ, काठमाडौं

५. बालकृष्ण वस्नेत, इन्हुरेड इन्टरनेशनल

**घटना भएको मिति** : ०६४ चैत २७ गते ।

**अध्ययन गरिएको मिति** : ०६५ वैशाख गते १७ देखि १८ सम्म ।

**स्थलगत अध्ययनको उद्देश्य :**

- पीडितपक्षको भनाइ बुझ्ने ।
- जिल्ला प्रहरी कार्यालयमा पीडितको पक्षबाट मुद्दा दायर गर्नको लागि सहयोग प्रदान गर्ने ।
- घटनाको अध्ययन गरी संक्षिप्त प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने ।

**तथ्य सङ्कलनको पद्धति**

- घटनास्थलको अवलोकन
- घटनाबाट प्रत्यक्ष रूपमा पीडित व्यक्तिहरूसँग भेटघाट र कुराकानी
- प्रत्यक्षदर्शीसँग भेटघाट गरी घटनाको विवरण सङ्कलन
- स्थानीय प्रहरी-प्रशासन तथा सम्बन्धित निकाय एवं व्यक्तिसँग घटनाका सम्बन्धमा जानकारी संकलन
- घटना सम्बन्धमा पूर्व प्रकाशित सामग्रीहरूको अध्ययन

**अध्ययन गरिएका स्थानहरू :**

- रौतहट जिल्ला, राजपुर फरहदवा गाविस वडा नं-४
- जिल्ला प्रहरी कार्यालय, रौतहट, गौर ।

**पृष्ठभूमि :-**
रौतहट जिल्लाको राजपुर फरहदवा गाविस वडा नं-४ स्थित नेपाली काङ्ग्रेस रौतहटका सभापति तथा रौतहट जिल्ला क्षेत्र नं. २ बाट संविधानसभा सदस्यमा निर्वाचित महमद अफताव आलमका स्व. काका शेख ईद्रीसको खल्यानको घरमा ०६४ चैत २७ गते राती बम बनाउँदा केही व्यक्तिको हताहत भएको र केही घाइते भनिएको घटनाका विभिन्न सञ्चारमाध्यम र घटनामा पीडित भएका परिवारहरूद्वारा काठमाडौंमा पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरिएका विवरणलाई आधार मानी घटनास्थलमा पुगी पीडित पक्ष र सरोकारवालाहरूसँग भेटघाट र घटनास्थलको अवलोकन गरी प्रतिवेदन तयार पारिएको हो ।

**घटना विवरण**
नेपाली काङ्ग्रेसका तर्फबाट उम्मेदवार रहेका महमद अफताव आलमकाका राजपुरस्थित स्व. काका शेख ईद्रीसको खलिहारनको घरमा बम र बम बनाउन आवश्यक पर्ने सामान जम्मा गरी राखिएको थियो । बम बनाउने क्रममा प्राविधिक गढबडी उत्पन्न भई ०६४ चैत २७ गते बेलुका करिब ७ बजे बम विस्फोट भएको थियो । बम विस्फोटनबाट ईद्रीसको घरको छाना पूरै नष्ट भएको पीडितहरूको भनाइ रहेको थियो । बम विस्फोटन लगत्तै सो स्थानमास्थानीय व्यक्तिहरू, प्रहरी घटनास्थलमा जान सकेका थिएनन् । घटना भएको घटनाको विवरण लिन कुनै पनि सङ्घ संस्थालाई बम विस्फोट भएको घरमा जान दिइएको थिएन ।

निर्वाचनमा वुथ क्याप्चर गर्नका लागि नेपाल र भारतबाट बम बनाउन मानिसहरू ल्याएका र बम बनाउँदै गर्दा प्राविधिक गडबडी भएका कारणले बम विस्फोट ट भएको र विस्फोट हुँदा आलमका काका स्व. सेख इद्रिसको घरको छाना पूरै उडेको स्थानीय प्रत्यक्षदर्शीको भनाइ रहेको छ ।

बम विस्फोटनबाट रौतहट सरुअठा गाविस-२ का श्रीनारायण सिंहका छोरा २२ बर्षीय पिन्टु सिंह भन्ने त्रिलोक प्रताप सिंह, रौतहट सरुअठा गाविस-९ का जगर मियाका छोरा २३ वर्षीय वसिअख्तार मिंया कवाडी र नाम ठेगाना खुल्न नसकेका भारतीय नागरिक एक जनाको घटनास्थलमानै मृत्यु भएको र केही मानिस घाइते भएको विभिन्न राजनीतिक दल तथा स्थानीय वासिन्दा तथा पीडितका परिवारको भनाइ रहेको छ । घटना लुकाउन आलमले आफनो घरभन्दा उत्तर तर्फको मुस्ताक राजाको ईट्टाभट्टामा उनीहरूको शव लगेर हालिदिएको स्थानीय व्यक्ति तथा अन्य राजनीतिक दलका मानिसहरुको भनाइ रहेको पाइयो । प्रहरीले १७ गतेसम्म बम विस्फोटन नभएको, घटनास्थल सावित हुन नसकेको र बम विस्फोटन भएको नपाइएको जनाएको थियो ।

घटनास्थल देखाउन पीडितले वैशाख १८ गते मानवअधिकारकर्मी र प्रहरीलाई साथै लिएर गएका थिए । घटनास्थल पुग्दा महमद अफताव आलमकाका राजपुरस्थित स्व. काका शेख ईद्रीसको खलिहान घरको छानामा स्पष्ट रुपमा नयाँ खपटाले छाएको, नयाँ बाँसको वात्ता घरको छानाको केही भागमा प्रयोग भएको, घरका भित्ता चर्केको तथा नयाँ पर्खाल लगाएको र घरमा नयाँ भुस राखिएको थियो । घरमा राखिएको भुस निकाली हेर्न भन्दा अधिकारकर्मी दीपेन्द्र झा र पीडितपक्षलाई स्थानीयवासीन्दाले आक्रमणको प्रयास गरेका थिए ।
घटनास्थलको बारेमा १७ गतेसम्म प्रहरीलाई जानकारी नहुनु र अध्ययनको क्रममा पीडितले वैशाख १८ गते प्रहरीलाई समेत लिएर गएको मानवअधिकारकर्मीको टोलीलाई भुस निकाली तथ्य बुझ्न खोज्दा पीडित महिला र अध्ययनमा टोलीका सदस्यलाई आक्रमणको प्रयास हुनुले घटनालाई थप रहस्यमय बनाइदिएको छ ।

पीडितले देखाएको बम विस्फोटन भएको भनिएको घरको विवरण जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी लक्ष्मण न्यौपानेलाई जानकारी गराउँदा घटना भएको देखिन आएको उल्लेख गरेका थिए । यद्यपी सोही दिन एसपी न्यौपानेले घटना भएको भन्ने कुरा सनाखत हुन नआएको भन्ने भनाइ व्यक्त गरेका थिए ।

उक्त घटनाको नेपाली काङ्ग्रेस बाहेकका सबै राजनीतिक दलहरूले निष्पक्ष छानविनका लागि आह्वान गरेका थिए । घटना लुकाउन आलमले घाइते भएकाहरूलाई भारतको अज्ञात स्थानमा लगि उपचार गराएको र मृत्यु भएका व्यक्तिहरूको परिवारलाई घटना विवरण नसुनाउन धम्की दिएको पीडितको भनाइ रहेको छ ।

इन्सेक लगायत मानवअधिकार संस्थाको रोहवरमा घटनामा मृत्यु भएकाहरूमध्ये वसि अख्तर मिँयाकी आमा रुक्साना खातुन र पिन्टु सिंह भन्ने त्रिलोक प्रताप सिंहका पिता श्रीनारायण सिंहले जिल्ला प्रहरी कार्यालय रौतहटमा महमद अफताव आलमसहित चार जना बिरुद्ध किटानी जाहेरी दिएका छन् । हुलाक मार्फत दिइएको जोहरी प्रहरीले ९ दिनपछि ०६५ बैसाख १८ गते पीडित पक्षबाट सनाखत गराई जाहेरी दर्ता भएको छ ।

**घटनाको प्रारम्भिक तथ्यहरू**

- नेपाली काङ्ग्रेसका उम्मेदवार मोहमद अफताव आलामले आफ्नो चुनाव प्रचार प्रसारमा चैत २० गते रौतहट सरुअठा गाविस-२ का श्रीनारायण सिंहको छोरा २२ बर्षीय पिन्टु सिंह भन्ने त्रिलोकप्रताप सिंह, रौतहट सरुअठा गाविस-९ का जगर मिंयाको छोरा जिल्ला २३ बर्षीय वसिअख्तार मिंया कवाडीलाई लगेको पाइयो ।

- चैत २७ गते राजपुर स्थित शेख ईद्रीसको खल्यानको घरमा अफतावले जम्मा पारी राखेको बम विस्फोट भएको र घटनामा तत्काल तीनजना जनाको मृत्यु भएको र केही सङ्ख्यामा सहयोगी मानिसहरू घाइते भएको र घाइतेहरूलाई पनि मृतकहरूसँगै ईट्टाको चिम्नीमा जिउँदै फालिएको गुनासो पीडितका परिवारहरूबाट सुनियो ।

- घाइते पिन्टु सिंह र बसिअख्तर मियाँ कवाडिलाई इटाभट्टामा जलाएको घटनाका प्रत्यक्षदर्शी एकजनाको भनाइ रहेको पाइयो ।

- पीडितका परिवारले घटनामा मोहमद अफताव आलम र चारजना विरुद्ध हुलाक मार्फत जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएको पाइयो ।

- घटनालाई मिलाउन मोहमद अफताव आलमले पीडित पक्षलाई २ लाख रुपियाँ दिन खोजेको र पीडित पक्षले १० लाख रुपियाँ मागेको भन्ने भनाइ जिल्ला प्रहरी कार्यालय रौतहट गौरका एसपी लक्ष्मण न्यौपानेको भनाइ रहेको पाइयो ।

- पीडितहरूले प्रहरी प्रशासनलाई वद्नाम गर्न खोजेको, घटना राजनीतिकरण भएको र उजुरी लिन अस्वीकार नगरेको, घटना छानबिन गर्न घटना भएको केही मिनेट पछि पुग्दा पनि बम पड्केको कुनै सङ्केत नपाइएको एसपी न्यौपानेको भनाइ पाइयो ।

- पीडित, मानवअधिकारकर्मी र प्रहरीहरूले घटनास्थल पुगेपछि पीडित पक्षले देखाएको महमद अफताव आलमकाका राजपुरस्थित स्व. काका शेख ईद्रीसको खल्यानको घरको छानामा स्पष्ट रुपमा नयाँ खपटाले छाएको, नयाँ बाँसको वात्ता घरको छानाको केही भागमा प्रयोग भएको, घरका भित्ता चर्केको तथा नयाँ पर्खाल लगाएको र घरमा नयाँ भुस राखिएको स्पष्ट रुपमा देखियो ।

- सो प्रमाणहरू लिएर पुनः जिल्ला प्रहरी कार्यालय रौतहटमा प्रहरी उपरीक्षक न्यौपानेलाई देखाउँदा उनले घटना भएको प्रस्तुत विवरणहरूले पुष्टि गरेको स्वीकारेको र उक्त कुरा प्रहरीले आफूलाई पहिला जानकारी नगराएको भन्ने भनाइ रहेको थियो ।

- घटनास्थल राजपुर फरहदवा गाविस वडा नं ४ का कुनै पनि वासिन्दाले घटना सम्बन्धमा केही बताउन नचाहेको र चाहेर पनि वताउन सक्ने अवस्था नदेखिएको ।

**यो प्रारम्भिक तथ्यहरूको आधारमा सरकारले तत्काल विज्ञहरूको संलग्नतामा उच्च स्तरीय छानबिन समिति/आयोग गठन गरी घटनाको यथार्थ विवरण सार्वजनिक गर्न हामी सम्पूर्ण मानवअधिकार कर्मीहरू माग गर्दछौँ ।**

## पीडितहरूको भनाइ

**घटनाका एक प्रत्येक्षदर्शीको -**

आफताफ र सराज दुई जनाले मोहमद ओसि अख्तरलाई काम छ भनी जान भने तर उ जान मानेन । जान नमानेपछि अख्तरलाई जवरजस्ती लगे । अख्तरलाई लगेपछि उनीहरूको पिछा गर्दै म पनि साइकलमा गए । काङ्ग्रेस उमेदवार मोहमद आफताब आलमको घरमा पुगेपछि अफतावले अख्तरलाई घरमा बसाल्यो र म गएपछि मलाई घरभित्र जान दिइएन । मलाई बाहिर बस भने । म बाहिर वसेँ र एक छिनपछि म अख्तर बसेको घरको झ्यालबाट हेर्दा घरभित्र बमको छली लागेको देखे । कसैले बम उठाएर हेरिरहेको थियो । कोही सिगरेट त कोही बिँडी तानिरहेका थिए ।

पुनः म त्यहाँबाट फर्केर बाहिर बसिरहेको अवस्थामा बम राखिएको घरमा विस्फोटन भयो । कसरी बम विस्फोट भयो थाहा भएन । त्यतिखेर पिन्टु र अख्तर घाइते अवस्थामा बाहिर निस्केको देखे । ती दुवै जनाले हामीलाई अस्पताल पुऱ्याऊ भने । म त्यहाँ लिन जाँदा उनीहरू रिसाए अनि म त्यहाँबाट भागे । राति भएकाले गहुँको खेतमा लुकेर बसे । राति १२ बजे डरले सुतिरहेको अवस्थामा अगाडि पुलिसको गाडी बीचमा ट्र्याक्टर र पछाडिमा रहेको पुलिसको गाडिमा काङ्ग्रेस उमेदवार आफताव पनि थिए । ट्र्याक्टरमा घाइतेहरूलाई राखी चिम्निमा लगे, घाइतेहरू रुदै थिए । म त्यो देखे पछि म त्यहाँबाट भागे ।

**मृतक त्रिलोकप्रताप सिंहका बुवा नारायण सिंहको भनाइ-**
चैत १९ गतेका दिन अफताव आलम र महताव आलम दुवै जना मेरो घरमा मेरो छोरालाई लिन आएका थिए । म खेतबाट आएको थिए मैले सोधे तपाईहरू के भन्नु हुन्छ उनीहरूले भन्नु भयो कि तपाईको छोरा पिन्टुको बोली र भाषणमा आकर्षण छ, मान्छेहरू आकर्षित हुन्छ । उसलाई जानदिनुस् मैले भने मेरो छोरा जाँदैन, मैले छोरालाई रिसाएर घरको बारदली (दरबजा) बाट हप्काएर फर्काई दिएँ ।

फेरी भालिपल्ट २० गतेका दिन खेतमा उनीहरू छोरालाई लिन खेतमा गएको थियो । त्यसै दिन आफतावका मान्छेले घरमा कोही नरहेको मौका छोपी, मेरो अनुपस्थितिमा मेरो छोरालाई लगे । बेलुका खेतबाट फर्केर घर आए घरमा श्रीमतीले छोरालाई अस्ती आएका मानिसले लगेको बताइन् ॥ म भोलिपल्ट २१ गतेका दिन फरदवामा गएर आफ्नो छोराको विषयमा सोधपुछ गरें ? अफतावले तिम्रो छोरा क्षेत्रमा प्रचार प्रसारमा गएको छ । छोरालाई केहि हुँदैन तपाई घर जानुस् भनेपछि म घर फर्किएँ ।

एक दुई दिन पछि त्यहाँ गए । फेरी त्यही कुरा भन्यो । छोरा चुनाव प्रचार प्रसारमा रहेको भनेकाले छोरासँग भेट भएन । २७ गतेका दिन यो घटना भयो । २८ गते मैले आफ्नो घरमा सुतिरहेको वेला मेरो भाई राजेश्वर सिंहले मलाई आएर भन्यो कि राजपुरमा यस्तो घटना घटेको छ । म रुक्साना खातुनको घर सोरहौटा-९ भन्ने. गाउँमा गए । त्यहाँ जाँदा खेरी रुक्सान र उनको बुहारी रुन कराउन थालेका थियो । त्यहाँका स्थानीय मान्छेले तपाइँको छोरा पनि सोही घटनामा परेको छ भने म पनि रुदै कराउँदै आफ्नो घर आए । सबै घरमा बेहोश भए । छोराको आमालाई दुई बोतल सलाइन दिनु पऱ्यो । आफतावको मेरो गाउँमा नाता पर्छ गाउँमा अफतावको विपक्षमा कसैले बोल्न पनि पाउँदैन र बोल्नेलाई धम्की समेत दिन्छ । विभिन्न प्रकारको यातना पनि दिन्छ । त्यसैकारणले त्यस गाउँको मान्छेहरू उहाँसँग धेरै भयभीत बनिरहेका छन् । आफतावको गउँमा मेरो माइती पर्छ त्यहाँबाट आएका मानिसले तिम्रो छोराको अवस्था राम्रो थियो । तपाइँको छोरा घरजान खोजिरहेको थियो । मलाई सानो घाउँ छ । म घर जान सक्छु भन्थे तर अफतावको भाइ डा. समिरले इन्जेक्सनमा जहर हाली मेरो छोराको नशामा दिएको थाहा पाएँ । मेरो छोरा मर्ने अवस्थामा थिएन । ५० लाख रुपियाँ प्रशासनका अधिकृतहरुलाई दिएर घटना लुकाउन खोजिएको थाहा भएको छ ।


घटनाम संलग्न व्यक्तिहरूलाई उचित कारबाही भएको देख्न पाऊँ, हामीलाई क्षतिपूर्ति दिलाउनका लागि सादर अनुरोध गर्दछु ।


**मोहमद ओसि अख्तरकी आमा रोक्साना खातुनको भनाइः-**
म घरमा थिइँन । म भोट माग्न गाउँमा गएको थिए । म घर फर्केर आउँदा रातो गाडी घर अगाडि लागेको थियो । छोरा सुतिरहेको थियो । मैले छोरालाई भने रातो गाडी घर अगाडि लागेको छ । छोरा बाहिर गए र फर्केर आई गाडीमा अफताव र सेराज रहेको बताए । उनीहरूले मलाई जान भनिरहेको छ । मैले नजान भने । उनीहरू रौतहट २ नं. को उमेदवार हो हामी १ नं. का छौ भोटमा नजाऊ, कुनै घटना गर्छ कि भनेर नजान भने ।


मलाई केही हुँदैन म चोकबाट फर्केर आउँछु भनेर गएको छोरालाई चोकमा लगेर छाडिदिए तर त्यसको भोलिपल्ट फेरी उनीहरू आएका रहेछन् । म भोट माग्न गएको थिए । रातो गाडीसहित दुई ओटा गाडीमा आएका सराज मोफताजले मोटरमा जबरजस्ती चढाएर छोरालाई लगेको रहेछ ।

त्यसको भोलिपल्ट पिन्टु र मेरो छोरा अख्तर मरेको खबर पाएँ । मेरो छोरा जिउँदै थियो । पानी खान मागिरहेको थियो भने उपचारको लागि अस्पताल लान भनेको रहेछ । जर्नेलको छोरा समिरले पानी सलाइन गरेको खबर सुन्न वितिकै म बेहोस भए । मेरो छोरा घाइते अवस्थामा ल्याई दिए पनि म उपचार गराउँथे । अपाङग भए पनि मेरै छोरा थियो, म पाल्न सक्थे । मलाई आलमले गल्ती भयो यस्को लागि खेत र २ लाख ५० हजार रुपियाँ  दिन्छु । काठमाण्डौ नजाऊ भनेर भने । यदि काठमाण्डौ गए घरमा आगो लगाई दिने, मार्ने धम्की दिएको छ ।


## घटनासंग संबन्धित केही फोटोहरु





घटनास्थल राजपुर फरहदवा गाविस वडा नं-४ स्थित स्व. शेख ईद्रीसीको खल्यानको घर



बम विस्फोट भएको घर : घेरामा नया भित्ता र तल तिर पुनर्निर्माणका क्रममा थुप्रीएका ईटाका टुक्राहरु



बम विस्फोट भएको घरको भित्रीभाग जहां मर्मतकाक्रममा नयां बांस प्रयोग गरिएको देखिन्छ ।



बम विस्फोट भएको घरको छानो नयां तथा पुरान खपडा प्रयोगगरि हालै छाइएको देखिन्छ ।



धैरे समय देखि भुसा राखीदैएको कोठा जहां छानामा समेत जालोमा भुसा देखिन्छ ।



बम विस्फोट भएको कोठा जहां भर्खरै मात्रै भुसा राखीएको देखिन्छ । यही भुसा हटाएर छानविन गरिनु पर्छ भन्दा मानवअधिकारकर्मी माथी दुर्व्यबहार भएको थियो ।



घटनास्थलमा पुगेका मानवअधिकारकर्मीसंग स्थानिय बासिन्दाहरु



घटनास्थलबाट करिब डेढ किलोमीटरको दूरीमा रहेको इलाका प्रहरी कार्यालय



रुक्साना खातुनः विष्फोटनमा मृत्यु भएका २२ वर्षीय छोरा मोहमद ओसि अख्तरकी आमा



विष्फोटनमा मृत्यु भएका रुक्साना खातुनकी २२ वर्षीय छोरा मोहमद ओसि अख्तर



विष्फोटनमा मृत्यु भएका पिन्टुका बुवा र आमा



विष्फोटनमा मृत्यु भएका पिन्टु भनिने २४ वर्षीय त्रिलोक प्रताप सिंह




## सम्बन्धित समाचारहरू

http://www.onlinekhabar.com/2015/06/286048/#sthash.Evkld4Ce.dpuf

http://www.inseconline.org/index.php?type=news&id=37621&lang=np